बैठक नं.-१

आज मिति २०७४ साल असोज ४ गतेका दिन यस गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगतबहादुर भोलनज्यूको अध्यक्षतामा बैठक बसी तपशिल अनुसारका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

उपस्थिति

श्री जगतबहादुर भोलन - अध्यक्ष
श्री दुर्गादेवी सुनुवार - उपाध्यक्ष
श्री रामकाजी वाइवा - सदस्य
श्री एकबहादुर खड्का - "
श्री कृष्णबहादुर थिङ - "
श्री चक्रबहादुर पाख्रिन - "
श्री विष्णुकुमार कर्माचार्य - "
श्री भानुका थापामगर - "
श्री भैसुन्दरीमाया वाइवा - "
श्री यमकुमारी दमाई - "
श्री सुनमाया थिङ - "
श्री गंगामाया वि.क. - "
श्री हिमालीमाया वि.क. - "
श्री सन्तोष नेपाली - कार्यकारी अधिकृत
श्री भरतजंग थापा - ना.सु.

प्रस्तावहरु:-

प्रस्ताव नं.१ - आ.व. ०७४।७५ का लागि गाउँसभाबाट विनियोजन चालु खर्चतर्फको रकम बाँडफाँड सम्बन्धमा।
प्रस्ताव नं.२ - साविक गा.वि.स. अन्तर्गत गाउँ परिषदबाट नियुक्त भएका कार्यालय सहयोगीहरुको तलबभत्तामा एकरुपता गर्ने सम्बन्धमा।
प्रस्ताव नं.३ - दशैं शुभकामना आदान-प्रदान कार्यक्रम गर्ने।
प्रस्ताव नं.४ - गाउँ कार्यपालिका कार्यालयमा कर्मचारी व्यवस्थापन सम्बन्धमा
प्रस्ताव नं.५ - वडा सचिवको व्यवस्थापन सम्बन्धमा।
प्रस्ताव नं.६ - सडक मर्मत सम्बन्धमा।

निर्णयहरु:

प्रस्ताव नं.१ माथि छलफल गर्दा गाउँसभाबाट विनियोजन गरिएको चालु खर्च शीर्षक अन्तर्गतको रकमरु । - तपशिलमा उल्लेखित खर्चशीर्षकहरुमा विनियोजन गर्ने निर्णय गरियो।

तपशिल

प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | खर्च शीर्षक | | विनियोजित रकम |
|---|---|---|---|
| १. | पदाधिकारी पारिश्रमिक तथा सुविधा | रु. | २३,५५,०००/- |
| २. | कर्मचारी तलब | रु. | १,२३,०५,०००/- |
| ३. | कार्यालय सम्बन्धी खर्च | रु | २२,००,०००/- |
| ४. | पोशाक, ~~महँगी~~ भत्ता | रु. | २,४६,५००/- |
| ५. | महँगी भत्ता | रु | ३,३६,०००/- |
| ६. | बैठक भत्ता | रु | २४,३५,०००/- |
| ७. | इन्धन | रु. | १३,४०,०००/- |
| ८. | अन्य इन्धन/अन्य प्रयोजन | रु | २,२५,०००/- |
| ९. | घरभाडा | रु | ८,००,०००/- |
| १०. | अन्य भाडा | रु | ९,५०,०००/- |
| ११. | विविध कार्यक्रम खर्च | रु | ९,००,०००/- |
| १२. | पानी तथा बिजुली | रु | १,००,०००/- |
| १३. | संचालन तथा मर्मत सम्भार खर्च | रु | ११,५०,०००/- |
| १४. | संचार महसुल | रु | ६,५०,०००/- |
| १५. | सेवा र परामर्श खर्च | रु | ८,५०,०००/- |
| १६. | अन्य सेवा शुल्क | रु | ९,५०,०००/- |
| १७. | अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | रु | २५,००,०००/- |
| १८. | सरुवा भ्रमण खर्च | रु | २,००,०००/- |
| १९. | विविध खर्च | रु | १४,६०,०००/- |
| २०. | विपद व्यवस्थापन | रु | २,००,०००/- |
| २१. | पुस्तक तथा सामाग्री | रु | १,००,०००/- |
| २२. | कर्मचारी तालिम | रु | ३,५०,०००/- |
| २३. | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | रु | ६,४०,०००/- |
| २४. | बीमा | रु | ५०,०००/- |

प्रस्ताव नं. २ माथि छलफल गर्दा साविक गा.वि.स. परिषदबाट निर्णय भई गा.वि.स. मा कामकाज गर्दै आउनु भएका करारका कर्मचारीहरु का.स. श्री विमान सिं नारवा (साविक ताभजोर) हाल ह्याङ्लेख-३ र का.स. श्री तिरबहादुर पुलामी (साविक बस्तीपुर) हाल ह्याङ्लेख-२ लाई अर्को व्यवस्था नभए सम्मको लागि गाउँपालिकाको सोही वडाहरुमा कामकाज लगाउने र निजहरुले खाईपाई आएको सुविधामा एकरुपता हुने गरी मासिक रु ९०००/- (नौ हजार) का दरले तलव भुक्तानी दिने सर्वसम्मतबाट निर्णय गरियो साथै सो निर्णयलाई आगामी गाउँ सभा को बैठकबाट अनुमोदन गराउने निर्णय समेत गरियो ।

[signature]
...री अधिकृत

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँ पालिकाका ५ वटै वडाहरु मा वडा दशैं, तिहार र छठपर्व २०७४ को सु-अवसरमा आ-आफ्ना वडाहरुमा वडाध्यक्षज्युहरुले शुभकामना आदान-प्रदान कार्यक्रम संचालन गर्नका लागि बील भर्पाई पछि पेश गर्ने गरी पेश्की स्वरुप रु. २५०००।- का दरले कार्यक्रम संचालन खर्च शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत बाट निर्णय गरियो। साथै गाउँ पालिका स्तरीय शुभकामना आदान-प्रदान कार्यक्रम संचालन गर्न बढीमा रु. ५०,०००/- खर्च विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ (क) माथि छलफल गर्दा जिल्ला समन्वय समिति को कार्यालय, सिन्धुलीको प. सं. ०७४/७५ च. नं. ६३ मिति २०७४/४/११ को प्राप्त पत्र अनुसार स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा १४ मा भएको व्यवस्था बमोजिम गठित जिल्ला कर्मचारी व्यवस्थापन समितिको मिति २०७४/४/११ को निर्णय अनुसार जिल्ला समन्वय समिति (साविक जिल्ला विकास समिति) सिन्धुलीमा लामो समय देखि अस्थायी करार सहायकस्तर पाँचौं तहमा कार्यरत श्री भरत बं. थापालाई घ्याङलेख गाउँ पालिकाबाट तलब भत्ता भुक्तानी हुने गरी कामकाज गर्न खटाईएको सम्बन्धमा निजलाई समान पत्रमा उल्लेखित तलब भत्ता, ग्रेड सुविधा कायम हुने गरी अन्यथा उक्त व्यवस्था नभएमा श्रावण १ गते देखि ग्रेड वृद्धि थप हुने गरी २०७४ श्रावण १ गते देखि वित्तिय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी दिने गरी आ. व. २०७४/७५ का लागि म्याद थप गर्ने निर्णय गरियो, सो निर्णयलाई आगामी गाउँ सभामा अनुमोदन गराउने गरी पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ (ख) माथि छलफल गर्दा जि. प. से. कार्यालय सिन्धुली को प. सं. ०७४/७५ च. नं. ६३ मिति २०७४/५/१ को पत्रानुसार एक गाउँ एक प्राविधिक अन्तर्गत यस गा. पा. मा खटाई आउनु भएका ना. प. से. प्रा. श्री विक्रम सिंह र ना. प. स्वा. प्रा. श्री रुपनारायण श्रेष्ठलाई २०७४ साल श्रावण १ गते देखि लागु हुने गरी करार संझौता गरि कामकाज लगाउन अनुरोध भई आएको साथै निज प्राविधिक हरुको तलब भत्ता वापत यस गाउँ पालिकामा सशर्त अनुदान शीर्षक अन्तर्गत बजेट समेत विनियोजन भई आएको हुँदा निजहरुको मिति २०७४ श्रावण १ गते बाट लागु हुने गरी करार म्याद थप गर्ने निर्णय गरियो। साथै निजहरुको करार संझौतामा उल्लेखित सेवा सुविधा कायम हुने गरी २०७४ साल श्रावण १ गते देखिको तलब भत्ता समेत भुक्तानी गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो साथै सो निर्णयलाई आगामी गाउँ सभामा पेश गरी अनुमोदन गराउने निर्णय समेत गरियो।

प्रस्ताव नं. ४ (ग) माथि छलफल गर्दा जि. कृ. वि. कार्यालय सिन्धुली को प. सं. ०७४/७५ च. नं. ७३, मिति २०७४/४/२४ को प्राप्त पत्रानुसार नेपाल कृषि सेवा अन्तर्गत जिल्लामा सेवा करारमा नियुक्त भएका कृषि प्राविधिक ना. प्रा. स. श्री

मिलन छेवह र ना.प्रा.स. श्री प्रदिप गौतमलाई यस गाउँपालिकामा खटाई पठाईएको साथै निजहरुको तलबभत्ता बापतको रकम यस गा.पा.को शसर्त अनुदान शीर्षकमा बजेट विनियोजित समेत भएको देखिन आएकोले प्राप्त बजेट सिमाको परिधिमा रही पहिलो पटकको लागि २०७४ श्रावण १ गतेदेखि लागु हुनेगरी ६ महिनासम्म तथा पुन: थप बजेट प्राप्त हुन आएमा अर्को थप ६ महिनाको लागि करार म्याद थप गर्ने निर्णय गरियो साथै निजहरुको २०७४ श्रावण १ गते देखिको (करार संझौतामा उल्लेख भए बमोजिम) तलबभत्ता बापतको रकम भुक्तानी दिने निर्णय गरियो र सो निर्णयलाई आगामी गाउँसभामा पेश गरी अनुमोदन गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४(घ) माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी कर्मचारीको अभावमा कामकाज गर्न समस्या उत्पन्न भएको कारणले २०७४ श्रावण १ गतेदेखि नै ब्याङ्लेख गा.पा. ३का श्री प्रल्हाद स्याङतान र श्री निमिया पुनमीलाई दैनिक रुपमा कार्यालयको कामकाजमा लगाउँदै आएकोमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यालयमा हाजिर भै कामकाज गरेको दिनको दैनिक रु ४००।- का दरले डोर हाजिरी फाराम प्रमाणित गरिएको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो साथै सो निर्णय निजहरुको २०७४ श्रावण १ गतेदेखि कार्यालयमा हाजिर भै (कार्यालयमा) कामकाज गरेको अवधिभरको रकमबाट रकम समेत भुक्तानी दिने निर्णय गरियो साथै सो निर्णयलाई आगामी गाउँसभामा अनुमोदन गराउने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ब्याङ्लेख गाउँपालिकाका वडा नं. १ अमले, वडा नं. ३ तामाजोर र वडा नं. ४ नेत्रकालीमा वडा सचिवको पद रिक्त हुन गएकोले दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि उपलब्ध देहाय अनुसारका कर्मचारीहरुलाई वडा सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

१. श्री ज्ञानलाल ओलन (प्रा.अ.) - वडा नं. १ अमले
२. श्री धनबहादुर बल (प्रा.शि.) - वडा नं. ३ तामाजोर
३. श्री नरबहादुर बल (प्रा.सहायक) - वडा नं. ४ नेत्रकाली

प्रस्ताव नं. ६ माथि छलफल गर्दा थप अनुदान रु ४८,००,०००।- मध्ये विनियोजन गर्न बाँकी भएको रु १३,००,०००।- मध्येबाट अमले-सिम्लेदेखि हायुधार हुँदै तामाजोरसम्मको सडक मर्मतको लागि रु. ६,००,०००।- (छ लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

[signature] [signature]

अधिकृत